**निःशूल्क सीप सिकौं आत्मनिर्भर बनौं**

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

फोन नं. ०५७-४१२७१६,
०५७-४१२७२४

# व्यावसायिक तथा सीप विकास तालिम केन्द्र

हेटौडा, नेपाल

## सीप विकास तालिम संचालनको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/०७ गते)

बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय अन्तर्गत व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपालद्वारा यस आ.व. २०८०/०८१ को २०८० साउन महिना देखि संचालन गरिने देहाय अनुसारका सीप विकास तालिमहरु संचालन गर्न÷गराउन ईच्छुक स्थानीय तह/निकाय, गैर नाफामुलक, गैरसरकारी सामुदायिक संघ सस्थाहरुले प्रस्ताव फाराम र व्यक्तिगत आवेदकहरुले आवेदन फारम भरी बुझाउन यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस केन्द्रमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्रशिक्षार्थीहरुवाट तालिम वापत कुनै शुल्क लिइने छैन र तालिम संचालनको लागी तालिम सामाग्री, मेसिनरी औजार उपकरण, खाजा खर्च तथा प्रशिक्षक वाहेक थप सुविधा दिइने छैन ।

### १. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा- ८ कमानेमा संचालन हुने तालिमहरुः

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | तालिम संचालन हुने स्थान | अन्तरवार्ता मिति | आवेदन फाराम पाईने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कम्प्युटर सफ्टवेयर | ६ महिने/७३० कार्य घण्टा | २० | SLC/SEE उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते विहान ११ बजे देखी | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपालमा पाइने वा यस केन्द्रको वेब साईट (www.vsdtchetauda.bagamati.gov.np) बाट फर्म डाउनलोड गर्न सकिने छ । |
| २. | जनरल मेकानिक्स | ६ महिने/७३० कार्य घण्टा | १० | ८ कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२२ गते विहान ११ बजे देखी | |
| ३. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | ४० | ८ कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२५ गते विहान ११ बजे देखी | |
| ४. | सिलाई कटाई वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२६ गते विहान ११ बजे देखी | |
| ५. | विद्युत जडान | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२८ गते विहान ११ बजे देखी | |
| ६. | प्लम्विङ्ग | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते विहान ११ बजे देखी | |
| ७. | इलेक्ट्रोनिक्स मर्मत | ३ महिने/३९० कार्य घण्टा | १५ | १० कक्षा उतिर्ण | केन्द्रको तालिम भवन कमाने | २०८०/०४/२९ गते विहान ११ बजे देखी | |

**तालिम लिन ईच्छुक उम्मेदवारहरुले पालना गर्नुपर्ने शर्तहरुः**

१. प्रशिक्षार्थी आवेदन फाराममा हालसालै खिचेको पासपोर्ट साइजको फोटो टांसी नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि राखी २०८०/०४/२१ गते (सो दिन बिदा परेमा भोलिपल्ट) सम्म केन्द्रमा पेश गर्नुपर्नेछ वा यस केन्द्रको **ईमेल** (**vsdtchetauda@bagamati.gov.np**) मा पठाउनु पर्नेछ । तालिमको अर्न्तवार्ताका लागी तोकिएको मितिमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा- ८ कमाने मकवानपुरमा आफ्नो सक्कल कागजात सहित उपस्थित हुनुपर्ने छ ।

२. तालिममा छनौट भएका उम्मेदवारहरुको तालिम संचालन मिति नतिजा प्रकाशनको दिन तोकिने छ ।

३. तालिममा गरिब, विपन्न, दलित महिला, पिछडिएको वर्ग समुदाय, अपाङ्ग, जनआन्दोलनमा घाईते शहिद परिवार तथा एकल महिलालाई प्राथमिकता दिईनेछ ।

४. तालिम लिन ईच्छुक उम्मेदवारहरु शारिरीक र मानसिक रुपमा स्वास्थ्य र उमेर १६ वर्ष पुगी ४० वर्ष ननाघेको हुनुपर्नेछ । प्रशिक्षार्थीको छनौट अन्तर्वाताबाट गरिनेछ । एक समुहमा औसत १५-२५ जना प्रशिक्षार्थीहरुलाई सहभागी गराईनेछ ।

### २. स्थानीय तह÷निकाय, गैर नाफामुलक, गैरसरकारी सामूदायिक संघ सस्थाहरु संगको सहकार्यमा संचालन गरिने तालिमहरुः

| सि.नं. | तालिमको विषय | तालिमको अवधि | संख्या | न्यूनतम शैक्षिक योग्यता | प्रस्ताव फाराम पाईने स्थान |
|---|---|---|---|---|---|
| १. | केश श्रृगांर तथा सौन्दर्य वेसिक | ३ महिने/३९० कार्य घण्टा | २० | ८ कक्षा उतिर्ण | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, हेटौडा, नेपाल। |
| ४. | वेत बाँस हस्तकला | ३ महिने/३९० कार्य घण्टा | १५ | ८ कक्षा उतिर्ण | |

**<u>तालिम सञ्चालन गर्न ईच्छुक निकाय वा संघसस्थाहरुले पालना गर्नुपर्ने शर्तहरुः</u>**

१. संघ संस्थाहरुले दर्ता प्रमाण पत्र, अध्यावधिक नविकरणको प्रमाण, समाज कल्याण परिषदमा आवद्धताको प्रमाण, पान नं./मु.अ.क.दर्ता, स्वीकृत विधानको प्रतिलिपि संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीबाट लिखित अनुरोध पत्र सहित तोकिएको प्रस्ताव फाराम शुल्क रु.२००।- तिरी यस व्यावसायिक तथा सीप किास तालिम केन्द्र, हेटौडाबाट प्रास गर्न सकिने छ ।सो प्रस्ताव फारम मिति २०८०/०४/२१ गते सम्म (सो दिन विदा परेमा भोलिपल्ट) कार्यालय समय भित्र प्रस्ताव फाराम बुझाई सक्नु पर्ने छ ।आवश्यक कागजातको प्रतिलिपी बेगर प्रस्ताव फाराम खरिद गर्न र बुझाउन पाइने छैन ।

२. तालिम सञ्चालन गर्न योग्य भई छनौट भएका संघसस्थामा हेटौडा तालिम केन्द्रबाट तालिम समापन भएपछि फिर्ता हुने गरी तालिम सामग्री, तालिम उपकरण र सम्बन्धित विषयको प्रशिक्षक पठाइने छ । तालिम सञ्चालनका लागि आवश्यक थप व्यवस्थापन एवं तालिम कक्ष लगायतका सुविधा संघसस्थाहरुले नै निःशूल्क उपलब्ध गराउनुपर्नेछ । प्रशिक्षार्थीहरु संग कुनै शुल्क लिन पाइने छैन ।

३. तालिम केन्द्र र छनौट भएका तालिम प्रदायक संघसस्थाहरुमा सञ्चालन हुने तालिमहरु ३ महिने/३९० कार्य घण्टा र ६ महिने/७३० कार्य घण्टा तालिमको हकमा दैनिक औसत ५-६ घण्टा तालिम सञ्चालन गर्नुपर्नेछ ।